# उच्च माध्यमिक शिक्षा परिषद्
## परीक्षा नियन्त्रण कार्यालय
## सानोठिमी, भक्तपुर

# २०६८ सालको कक्षा ११ को मौका परीक्षासम्बन्धी

# अत्यन्त जरूरी सूचना

उच्च माध्यमिक शिक्षा परिषद्, परीक्षा नियन्त्रण कार्यालयमा २०६८ सालमा रजिष्ट्रेशन भएका (रजिष्ट्रेशन नम्बरको शुरुका दुई अङ्क ६८ भएका र सिम्बोल नंवरको पहिलो अंक १ बाट शुरु भएका) र परिषद्बाट २०६८ साल जेष्ठ महिनामा लिइएको कक्षा ११ को परीक्षामा नियमित परीक्षार्थीको रुपमा सम्मिलित भई कुनै एक सैद्धान्तिक विषयमा मात्र अनुत्तीर्ण हुने विद्यार्थीहरुलाई मौका परीक्षा सञ्चालन गरिने भएको हुँदा २०६८ पुस २८ गतेभित्र मौका परीक्षाका लागि परीक्षा आवेदन फाराम भरी सम्बन्धित विद्यालयका प्र.अ./प्राचार्यबाट प्रमाणित गराई निम्नलिखित स्थानहरूमा बुझाउनुहुन सूचित गरिन्छ ।

१. पूर्वाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने विद्यालयका परीक्षार्थीहरू (सोलुखुम्बु जिल्लाका परीक्षार्थीहरूबाहेक) ले उच्च माध्यमिक शिक्षा परिषद्, विराटनगर कार्यालय, बरगाछी, मोरङ्ग ।

२. मध्यमाञ्चल विकास क्षेत्रअन्तर्गत जनकपुर अञ्चलका सिन्धुली, धनुषा महोत्तरी र सर्लाही जिल्लाका परीक्षार्थीहरूले उच्च माध्यमिक शिक्षा परिषद्, जनकपुर कार्यालय, जनकपुर ।

३. मध्यमाञ्चल विकास क्षेत्रअन्तर्गत नारायणी अञ्चलका विद्यालयका परीक्षार्थीहरूले उच्च माध्यमिक शिक्षा परिषद्, हेटौंडा कार्यालय, मकवानपुर, हेटौंडा ।

४. मध्यमाञ्चल विकास क्षेत्रअन्तर्गत बागमती अञ्चलका सम्पूर्ण र जनकपुर अञ्चलका दोलखा, रामेछाप तथा सोलुखुम्बु जिल्लाका विद्यालयका परीक्षार्थीहरूले उच्च माध्यमिक शिक्षा परिषद्, काठमाण्डौं कार्यालय, बानेश्वर, काठमाण्डौं ।

५. पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत गण्डकी र धौलागिरी अञ्चलका विद्यालयका परीक्षार्थीहरूले उच्च माध्यमिक शिक्षा परिषद्, पोखरा कार्यालय, पोखरा, कास्की ।

६. पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत लुम्बिनी अञ्चल र मध्यपश्चिमाञ्चलका प्यूठान र रोल्पा जिल्लाका विद्यालयका परीक्षार्थीहरूले उच्च माध्यमिक शिक्षा परिषद्, बुटवल कार्यालय, बुटवल, रूपन्देही ।

७. मध्यपश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत (प्यूठान र रोल्पा जिल्ला बाहेक) पर्ने विद्यालयका परीक्षार्थीहरूले उच्च माध्यमिक शिक्षा परिषद्, नेपालगञ्ज कार्यालय, नेपालगञ्ज, बाँके ।

८. सुदूरपश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने विद्यालयका परीक्षार्थीहरूले उच्च माध्यमिक शिक्षा परिषद्, धनगढी कार्यालय, धनगढी, कैलाली ।

९. तोकिएको समयभित्र प्राप्त नभएका आवेदन फाराम उपर कुनै कारवाही हुने छैन ।

१०. परीक्षाका लागि आवेदन फारामसाथ कक्षा ११ को मार्कसीट वा मार्कलेजरको प्रमाणित प्रतिलिपि, पासपोर्ट साइजको फोटो २ प्रति र परीक्षा शुल्कवापत रु. ५००।- नगदै वा बैङ्क भौचर वा परिषद्को नामको ड्राफ्ट संलग्न गरी पेश गर्नुपर्ने छ ।

उक्त परीक्षार्थीहरूको परीक्षा मिति २०६८ माघ ७ गते शनिवारका दिन (२१ जनवरी २०१२) बिहान ११:०० बजेदेखि २:०० बजेसम्म सञ्चालन हुनेछ । परीक्षा केन्द्रसम्बन्धी सूचना पछि राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिनेछ । साथै अतिरिक्त (Additional) विषयमा भने मौका परीक्षा दिन नपाउने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

पुनश्च : कक्षा ११ को नतिजा प्रकाशन गर्दा कुनै परीक्षार्थीको परीक्षामा उपस्थित भएको अवस्थामा पनि मार्क लेजर वा मार्कसीटमा अनुपस्थित (Absent) भएर गएको छ भने सम्बन्धित जिल्लास्थित कार्यालयमा प्रवेश-पत्रको प्रतिलिपि सङ्लग्न गरी निवेदन दर्ता गराउनुहुन समेत जानकारी गराइन्छ ।

- परीक्षा नियन्त्रक